म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १३७ बिहिबार १४ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 29 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्टल बुकिङ्ग खुल्ला गरिएको सूचना**

मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा २०७९ माघ ११ गतेदेखि २३ गतेसम्म हेटौंडा-१०, टिसिएन चौरमा १०औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव २०७९ हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

औद्योगिक तथा व्यवसायिक बस्तु तथा सेवाहरुको बिक्री तथा प्रवर्द्धनको लागि महोत्सवमा स्टल राख्न ईच्छुकहरुको लागि स्टल बुकिङ्ग खुल्ला गरिएको छ । समयमै बुक गरी आफ्नो स्टल सुरक्षित गर्नुहोला । स्थानीयलाई प्राथमिकता प्रदान गरिनेछ ।

सम्पर्क:
**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा-२, मकवानपुर
सम्पर्क नं. ०५७-५२०३१०/५२३३१०

# ओली-प्रचण्ड सहमतिको ड्राफ्टः एमालेलाई बागमती



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ गठबन्धनको समीकरण फेरिएसँगै बागमतीमा कुन दलको नेतृत्वमा सरकार बन्छ भन्ने विषय अहिले चर्चाको विषय बनेको छ ।

देशका सात प्रदेशमध्ये चासोको रुपमा हेरिने बागमती प्रदेश गठबन्धनभित्र लाग्ने भागबण्डाको विषयमा चार्चा भइरहेको छ । यही चर्चाबीच बागमती प्रदेश एमालेले पाउने गरी गठबन्धनका मुख्य दुई शिर्ष नेताहरु एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच सहमतिको ड्राफ्ट बनेको चर्चा भइरहेको हो । प्रचण्ड र ओलीबीच प्रदेश भागवण्डाको मोटामोटी सहमति भएको जनाइएको छ । उक्त सहमतिले अन्तिम रुप भने दिइनसकेको ओली निकट बागमती प्रदेशका एक सांसदले जानकारी दिए ।

निर्वाचनकै बेलाको बाम-लोकतान्त्रिक गठबन्धन कायम भएको अवस्थामा बागमती नेपाली कांग्रेसले पाउने लगभग पक्का जस्तै थियो । तर, पुरानो गठबन्धनबाट माओवादी केन्द्र बाहिरिएपछि एमालेलगायतका ७ दलको नयाँ गठबन्धन बनेकाले बागमती प्रदेशमा एमाले वा माओवादी केन्द्रले नेतृत्व गर्ने भएको हो ।

एमाले २७ सिटसहित बागमती प्रदेशको दोस्रो ठूलो दल हो । ३७ सिट रहेको कांग्रेस प्रदेशसभाकै सबैभन्दो ठूलो दल हो भने नेकपा माओवादी केन्द्र २१ सिटसहित तेस्रो शक्ति हो । प्रदेशसभामा १३ सहित रहेको राप्रपा चौथो र ७ सिटसहित नेकपा (एकीकृत समाजवाजी) पाँचौ शक्ति हो ।

बागमतीमा प्रतिनिधित्व गर्ने ७ वटा दलमध्ये हाल सरकारमा एमाले, माओवादी केन्द्र र राप्रपा छन् । यी तीन दलको सिट ६१ र हेकाले बागमतीमा सरकार बनाउन पर्याप्त सिट रहेको छ । १ सय १० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ५६ सिट भए पुग्छ । राप्रपाले सरकारलाई दिएको समर्थन नगरेको अवस्थामा बागमतीमा यी तीन दलको सरकार बन्ने पक्का छ । प्रदेशहरुमा सरकार गठनका लागि भइरहेको जोड घटाउ र भागबण्डा लगाउने उद्देश्यले बुधबार माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्ड निवासमा एमाले अध्यक्ष ओलीसँग भएको भेटवार्तामा कुन प्रदेशको नेतृत्व कसले गर्ने भन्नेबारेमा सहमति भएको स्रोतले बताएको छ ।

स्रोतका अनुसार एमालेले चारवटा प्रदेश सरकारको नेतृत्व गर्नेछ भने माओवादी केन्द्रले दुई प्रदेशको नेतृत्व गर्नेछ । दुई अध्यक्षबीच भएको बुधवारको भेटघाटमा लुम्बिनी र सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व माओवादीले गर्ने र बागमती, गण्डकी, कर्णाली र प्रदेश नम्बर १ एमालेले नेतृत्व गर्ने सहमतिको ड्राफ्ट बनेको जनाइएको छ । नेताहरुका अनुसार लुम्बिनी माओवादीले नलिएको अवस्थामा बागमतीमा दाबी गर्ने जनाइएको छ । सुदुरपश्चिमपछि लुम्बिनी र बागमतीमा माओवादीको दाबी रहने जनाइएको छ । लुम्बिनीमा नागरिक उन्मुक्ति पार्टीले भाग पाए माओवादीले बागमतीमा दाबी गर्ने जनाइएको हो ।

१ नम्बर प्रदेश, गण्डकी र कर्णालीमा एमालेको दाबी रहेको थियो भने बागमतीको हकमा टुंगिगएको थिएन् । प्रदेश १ मा हिक्मत कार्की, गण्डकीमा खगराज अधिकारी र कर्णालीमा यमलाल कँडेल मुख्यमन्त्रीका प्रमुख दाबेदार हुन् । उनीहरु पार्टी स्थायी कमिटी सदस्य भएकाले पनि मुख्यमन्त्रीका प्रबल दाबेदारका रुपमा हेरिएको छ । बागमतीमा मुख्यमन्त्रीको दाबेदार एमालेबाट जगन्नाथ थपलिया (जेएन) रहेका छन् । सम्भवत: आज शुक्रबार हुने संसदीय दलको चुनावबाट उनी नै सर्वसम्मत दलको नेता चयन हुने सम्भावना छ ।

माओवादी केन्द्रका सचिव डिलाराम आचार्यका अनुसार ओली र प्रचण्डबीच सहमतिको प्रयास भइरहने पनि अन्तिम निर्णय भने भइनसकेको जानकारी दिए । प्रदेश १ मा माओवादीको प्रदेश कमिटीले मुख्यमन्त्रीमा दाबी गर्दै वार्ता समिति नै बनाएको छ । ओली र प्रचण्डले जसपा पनि सरकारमा आए मधेस प्रदेशमा जसपा र जनमत पार्टीलाई आधा-आधा कार्यकाल दिने सहमति गरेका छन् । जसपा वा जनमत पार्टीले महेश प्रदेशको आधा-आधा कार्यकाल पाए लुम्बिनी माओवादी वा एमालेमध्ये एकले रोज्न सक्नेछन् । लुम्बिनीमा एमाले र माओवादी बाहेकको दलले दाबी गरेमा बागमती माओवादीलाई पर्ने पनि देखिन्छ ।

बागमती प्रदेशको नेतृत्व गर्न पाउने सम्भावना बढी रहेकाले माओवादीबाट पनि मुख्यमन्त्रीका पाँच दाबेदार देखिएका छन् । माओवादी केन्द्रको बागमती प्रदेशस संसदीय दलको नेतामा पाँच जना सांसदहरुले दाबी गरेका छन् । माओवादीले १५ र १६ पुसमा संसदीय दलको नेता चयन गरिसक्ने जनाएको छ । माओवादीबाट शालिकराम जम्मकट्टेल, सरल सहयात्री पौडेल, युवराज दुलाल, गंगानारायण श्रेष्ठ र राधिका तामाङले संसदीय दलको नेतामा दाबी गरेका हुन् । जसमध्ये प्रदेशसभाको पहिलो कार्यकालमा जम्मकट्टेल दुई पटक र दुलाल एक पटक मन्त्री भइसकेका छन् । तामाङ पाँच वर्ष नै उपसभामुख थिइन् । श्रेष्ठ र पौडेलका लागि प्रदेशसभा पहिलो अनुभव हुनेछ ।

संसदीय दलको नेतामा पाँच जनाले दाबी गरे पनि दलको नेतामा जम्मकट्टेल र पौडेललाई मुख्य प्रतिस्पर्धीका रुपमा हेरिएको छ । जम्मकट्टेल यसअघि संसदीय दलको नेता थिए । पौडेल भने पार्टीको प्रदेश अध्यक्ष हुन् । यी दुवै नेताले संसदीय दलको नेता हुन लबिङ गरि रहँदा अन्य तीन नेताले पनि दाबी गर्न थालेका हुन् । सांसद तामाङले पनि संसदीय दलमा आफ्नो दाबी रहेको बताएकी छन् ।

त्यस्तै संसदीय दलमै दाबी गरेका श्रेष्ठ भने माओवादी केन्द्रका नभएर डा. बाबुराम भट्टराई नेतृत्वको नेसपाका नेता हुन् । तर, नेसपाले यसपटक माओवादी केन्द्रको चुनाव चिन्ह लिएर निर्वाचनमा होमिएको थियो । सोही कारण श्रेष्ठले संसदीय दलमा दाबी गरेका हुन् ।

# दलको नेता चयन गर्न एमाले संसदीय दलको बैठक बस्दै

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/नेपाल कम्युनिष्ट पार्टी (एमाले) बागमती प्रदेशको संसदीय दलको बैठक आज बिहिबार हेटौंडामा बस्दैछ ।

दलको नेता चयन गर्नको लागि एमाले संसदीय दलको बैठक बस्न लागेको हो । बैठक प्रदेशसभा स्थित संसदीय दलको कार्यालयमा बिहान ११ बजे बस्नेछ । एमालेमा सर्वसम्मत रुपमा दलको नेता चयन हुने सम्भावना देखिन्छ ।

एमालेबाट बागमती प्रदेशको मुख्यमन्त्रीको दावेदार मानिएका नेताहरु पराजित भएपछि दलको नेतामा धेरै आकांक्षी देखिएका छैनन् । त्यसैले एमाले केन्द्रीय सदस्यसमेत रहेका जगन्नात थपलिया सर्वसम्मत रुपमा दलको नेता चयन हुने सम्भावना देखिएको छ ।

एमाले सांसद एकालाल श्रेष्ठले हालसम्म दलको नेतामा अन्य कसैले पनि दावी नगरेको भन्दै सर्वसम्मत रुपमा नेत ाचयन हुने बताए । उनले कसैको आकांक्षा वा दावी भएपनि दलको बैठकमा राख्ने भन्दै बिहिबार नै दलको नेता चयन भने हुने बताए ।

बागमती प्रदेश सरकारको नेतृत्व नेकपा एमालेले पाउने सम्भावना देखिएको छ । २७ सिटसहित प्रदेशसभाको दोस्रो दल रहेको एमालेले दोस्रो पटक प्रदेश सरकारको नेतृत्व गर्न पाउने सम्भावना बनेको हो । एमालेको नेतृत्वमा केन्द्रमा बनेको गठबन्धनमा बागमती प्रदेश सरकारको नेतृत्व एमालेले गर्ने विषयमा दलहरुबीच छलफल भइरहेको छ ।

एमालेले ४ वटा प्रदेश लिने,माओवादीले २ वटा र जसपा तथा जनमतले मधेश प्रदेशको नेतृत्व आलोपालो गर्ने विषयमा केन्द्रमा छलफल भइरहेको छ । माओवादीले लुम्बिनी र सुदुरपश्चिम प्रदेश सरकारको नेतृत्वमा दावी गरिरहेको नेताहरु बताउँछन् । त्यसो भएमा बागमती प्रदेश सरकारको नेतृत्व नेकपा एमालेको भागमा पर्छ ।

प्रदेश संरचनाको पहिलो कार्यकालको सुरुको साढे ३ वर्षसम्म एमालेले नै बागमती प्रदेश सरकारको नेतृत्व गरेको थियो । प्रदेशमा माओवादीले पनि मुख्यमन्त्रीमा दावी गरिरहेको भएपनि केन्द्रमा माओवादीले बागमती प्रदेशको नेतृत्वमा खासै चाँसो देखाएको छैन । त्यसैले बागमती प्रदेशको नेतृत्व नेकपा एमालेले पाउने प्रवल सम्भावना देखिएको हो ।

सरकारको नेतृत्व एमालेले पाएको खण्डमा दलको नेता मुख्यमन्त्री हुनेछन् । एमालेको पूर्वमुख्यमन्त्री डोरमणी पौडेलको राजनीतिक सल्लाहकारसमेत बनिसकेका जगन्नाथ थपलिया एमालेबाट बागमती प्रदेशको तेस्रो मुख्यमन्त्री बन्ने सम्भावना देखिन्छ ।

# कांग्रेस संसदीय दलको नेतामा लामा निर्वाचित

साझाकुरा संवाददाता



हेटौंडा, १३ पुस/नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा बहादुर सिं लामा निर्वाचित भएका छन् ।

बुधबार हेटौंडामा भएको निर्वाचनमा कांग्रेस केन्द्रीय सदस्यसमेत रहेका लामा २१ मत ल्याउँदै निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धी कांग्रेस बागमती प्रदेश सभापति रहेका इन्द्रबहादुर बानियाँले १६ मत मात्रै पाए ।

यसअघि प्रदेशसभाको पहिलो कार्यकालमा दलको नेता बनिसकेका बानियाँ ५ मतान्तरले पराजित भएका हुन् । लामा र बानियाँ दुवै संस्थापन पक्षका हुन् । सर्वसम्मत रुपमा दलको नेता चयन गर्न दुवै सहमत नहुँदा निर्वाचन भएको थियो ।

लामा मुख्यमन्त्री बन्नकै लागि प्रतिनिधिसभाबाट प्रदेशमा झरेका थिए । यद्यपि गठबन्धनको समीकरण बदलिएपछि कांग्रेसले सरकारको नेतृत्व गर्न सक्ने सम्भावना भने कम रहेको छ । ३७ प्रदेशसभा सदस्य रहेको कांग्रेस बागमती प्रदेशसभाको सबैभन्दा ठूलो दल हो ।

# हेटौंडामा कुकुरको बन्ध्याकरण शिविर सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ हेटौंडामा सामुदायिक कुकुरको दुई दिवसीय बन्ध्याकरण शिविर बुधबार बाट सुरु भएको छ ।

हेटौंडा उपमहानगर पालिका पशु सेवा शाखाको समन्वय तथा केन्द्रीय रिफरल पशु चिकित्सालय, त्रिपुरेश्वरको प्राविधिक सहयोगमा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र हेटौंडाले सामुदायिक कुकुरको बन्ध्याकरण शिविर सञ्चालन गरेको हो ।

हेटौंडा-९, कर्रास्थित भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र हेटौंडाका प्रमुख डा. बज्रकिशोर ठाकुरको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यतामा बन्ध्याकरण शिविरको सुरुवात गरिएको थियो ।

शिविरलाई सम्बोधन गर्दै लामाले हेटौंडामा छाडा छोडिएको कुकुरको आतंकले दिन दिनै मानिस हेटौंडा अस्पतालमा भर्ना हुने गरेको चिन्ता व्यक्त गरिन् ।

कुकुर समुदायको रक्षा गर्ने प्राणी भएकोले यसलाई समुदायको मानिसले दु:ख नदिई पालन पोषण गर्नुपर्ने बताइन् । त्यस्तै, उनले समग्र पशु क्षेत्रको विकासको लागि प्रदेश तथा केन्द्रिय सरकारसँग सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता जनाइन् ।

बन्ध्याकरण शिविर आज बिहिबाचरसम्मसञ्चालन हुने केन्द्रका प्रमुख ठाकुरले बताए । त्यस्तै बन्ध्याकरण शिविरमा २ सय वटा कुकुरको बन्ध्याकरण गर्ने लक्ष्य रहेको उनको भनाई छ ।

बन्ध्याकरण शिविरमा केन्द्रीय रिफरल पशु चिकित्सालय, त्रिपुरेश्वरका प्रमुख डा. टंक प्रसाद प्रसाई, वरिष्ठ पशु चिकित्सक डा.अर्जुन अर्याल, डा.कमल अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः
९८४५०२७०६४/९८५५०६८०३८

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्कः
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# अब जनताको काममा जुट

२०७९ मंसिर ४ गते भएको आम निर्वाचनबाट निर्वाचित प्रतिनिधिसभाका सांसद्हरुले संघीय सरकार गठन गर्दैछन् । नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपासहित केही साना दल र स्वतन्त्र सांसद्समेतको सहयोगमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा नयाँ सरकार बनेको छ । केही मन्त्रीहरु नियुक्त भएका छन् भने केही बाँकी छ । नेपाली काँग्रेस, नेकपा एकीकृत समाजवादी, जनमोर्चालगायत दलको संयुक्त गठबन्धनबाट निर्वाचित प्रचण्ड अन्तत: राजनीतिक भागबण्डाको क्रममा नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीसंग मिलेर सरकार गठन गर्न पुगेका छन् । यसै क्रममा प्रदेश तहको सरकार गठनको तयारी पनि तीव्र हुँदै गएका छन् । बागमती प्रदेशमा नयाँ सरकार गठनको चर्चासंगै दलहरुले संसदीय दलको नेता चयनको क्रमलाई तीव्रता दिएका छन् । आज विहीबार बागमती प्रदेशमा नवनिर्वाचित सांसद्हरुले पद तथा गोपनीयताको सपथ लिने भएका छन् । यससंगै नयाँ सरकार गठनको प्रक्रिया पनि प्रारम्भ हुन्छ । बागमती प्रदेशमा सात वटा दलको प्रतिनिधित्व रहेको छ । हालसम्म नेपाली काँग्रेस, राप्रपा र हाम्रो नेपाली पार्टीले आ-आफ्नो संसदीय दलको नेता चयन गरेका छन् । बाँकी दलहरुले चयनको प्रक्रिया अगाडि बढाएका छन् ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछिको दोस्रो कार्यकालको लागि नयाँ सरकार गठनको प्रक्रिया सुरु भइरहँदा केन्द्रदेखि प्रदेशसम्म केही पुराना त केही नयाँ राजनीतिक नेताहरुले मन्त्रालयको बागडोर सम्हाल्ने देखिएको छ । केन्द्रमा प्रचण्डको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित केही युवा नेताहरु सरकारमा पुगेका छन् । केही पुराना त केही नयाँ नेताहरु सरकारमा पुगेपछि जनतामा आशाका छुट्टै किरणहरु झुल्किएको देखिएको छ । केन्द्रमा एकाएक राजनीतिक समिकरण परिवर्तन भएपछि प्रदेशमा जुन तरिकाले सरकार गठनको आंकलन गरिएको थियो, त्यो परिवर्तन हुने देखिएको छ । प्रदेशको नेतृत्व हाँक्ने सोचसहित अघि बढेका नेताहरु कतिपय चुनाव हारेर थन्किएका छन् भने कतिपय सत्ता समिकरणका कारण 'रिङ आउट' हुन पुगेका छन् ।

अब सरकार सञ्चालनको जिम्मा जस्ले पाए पनि अब देशमा संघीय लोकतान्त्रिक व्यवस्थालाई टिकाएर राख्नु मुख्य दायित्व हुनेछ । देशमा लोकतान्त्रिक व्यवस्थालाई टिकाइ राख्न सकेमात्र अन्तर पार्टी चुनावी अभ्यास हुने हो । त्यसलाई मनन् गर्नु जरुरी छ । गत निर्वाचनमा जनताले दलहरुको कार्यशैलीप्रति देखाएको भावनालाई कदर गर्दै अब जनमुखी काममा दत्तचित्त भएर खट्नु सांसद्हरुको कर्तव्य हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस १५ गते शुक्रबार ३० डिसेम्बर २०२२ ।अष्टमी पौष शुक्लपक्ष । पोहेलाथ्व, ११४३ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु सजिलै हराउन सकिनेछ | तुला | : इष्ट सिद्धि |
| वृष | : अनावश्यक झंझट बृद्धि | वृश्चिक | : मित्रबर्गबाट धोका |
| मिथुन | : आरोप प्रत्यारोपको सामना | धनु | : सम्पत्ति सम्बन्धी विवाद |
| कर्कट | : ऋण नाश | मकर | : न्यायिक कार्यमा सफलता |
| सिंह | : खर्च वृद्धि | कुम्भ | : कार्यगत उतारचढाव |
| कन्या | : आफन्तबाट चिन्ता | मीन | : आर्थिक सिद्धि |

# नयाँ गठबन्धनका चुनौती र अवसरहरू



चम्फासिंह भण्डारी



निर्वाचनअघि निर्माण गरिएको सत्ता गठबन्धन अर्थपूर्ण हुँदैन भन्ने तथ्यलाई प्रमाणित गर्दै नयाँ गठबन्धन निर्माण भई नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तेस्रो पटक वालुवाटार प्रवेश गर्नु भएको छ ।नेपाल कम्युनिष्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओलीको नयाँ गठबन्धन निर्माण गर्ने योजनावद्ध काम र नेतृत्वले नयाँ गठबन्धन संभव भएको हो भन्न लजाउनु पर्दैन ।

नयाँ सत्ता गठबन्धन निर्माण गरी सरकार निर्माण र परिचालन जति सहज देखिएको छ,त्यति सहज मुलुकको राजनीति,अर्थतन्त्र र विकास अभियानलाई लयमा ल्याउन कम चुनौतीपूर्ण भने छैन । देशको युवा जनशक्ति सरकार निर्माणको सूचना सार्वजनिक भैरहँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र छिमेकी मुलुक भारत जाने सीमा नाकाहरू दुबैतिर युवाहरूको भीडमा कमी आएको छैन ।

गठबन्धन बन्ने र भत्किने खेलसंग आम नागरिकको खासै सरोकार रहँदैन,उनीहरूले भोग्नु परिरहेको कष्टप्रद जीवन सहज बनाउनका लागि वर्तमान सत्तारुढ गठबन्धनले कस्तो नीति र कार्यक्रम ल्याई कार्यान्वयन गर्छ ?ती नीति कार्यक्रमले आम नागरिकको जीवन सहज बनाउन योगदान गर्छ ?त्यसैमा सत्ता गठबन्धनको औचित्य रहनेछ । यहाँ नयाँ सरकार निर्माणसँगै नयाँ गठबन्धनले तत्काल थालनी गर्नुपर्ने कामहरूको बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

***सानो र चुस्त मन्त्रीमण्डल***

सत्ता गठबन्धनमा रहेका राजनीतिक दलहरूले संघ र प्रदेशमा सानो र चुस्त मन्त्रीमण्डल गठन गरी आर्थिक रुपमा मितव्ययिताको पहिलो अभ्यासको थालनी आवश्यक छ । संविधानले उल्लेख गरेको संख्या र पछिल्लो समय राष्ट्रिय सभाको मन्त्रिपरिषदसम्बन्धी अध्ययन प्रतिवेदनको सुझावलाई कार्यान्वयन गरी यो सत्ता गठबन्धनमा रहेका राजनीतिक दलहरू देश र जनताप्रति जिम्मेवार र उत्तरदायी छन् भन्ने कुराको सन्देशले नै यो सरकारको विश्वसनीयता बढाउने छ ।

सरकार निर्माण गर्दा संघ र प्रदेशमा संविधानले तोकेको समावेशी मन्त्रिमण्डल बनाउने,सधैं सधैं मन्त्री भइरहेका मानिसहरू भन्दा नयाँ व्यक्तिहरूलाई अवसर र जिम्मेवारी प्रदान गर्ने,काम गर्दा सानो गल्ती भए पनि नैतिकताका आधारमा राजीनामा दिने प्रणालीको विकासको थालनी अहिलेको आवश्यकता हो ।सत्तारुढ दलहरूको बीचमा निरन्तरको अन्तरक्रिया र सम्वादलाई नियमित बनाउने,आवश्यकताका आधारमा जिम्मेवारी प्रदान गर्ने प्रणालीको विकास गरी भागबण्डाका लागि मरिहत्ते गर्ने र सडकभरी भागबण्डा गन्हाउने कामलाई दह्रोसँग रोक्ने,सबै सम्वाद,अन्तरक्रिया र बहस छलफल मुलुकको विकास र समृद्धिका लागि केन्द्रित गर्ने संकल्पको कार्यान्वयन अहिलेको आवश्यकता हो ।

मासिक रुपमा सरकारका काम,गतिविधि र क्रियाकलापहरूको समीक्षा गर्ने,गल्ती कमजोरीहरू सच्याउँदै जाने र प्रमुख प्रतिपक्षीलगायत प्रतिपक्षी दलहरूसंग निरन्तर सम्वाद,अन्तरक्रिया र नीतिगत परिवर्तनमा संगसंगै रहने वातावरणले मात्रै सरकार गतिशील बन्न सक्छ । निर्णय गर्नुअघि ब्यापक रुपमा छलफल विश्लेषण गर्नेगरेका निर्णयहरूको पक्षमा सत्तारुढ गठबन्धनका दल तथा तिनका नेताहरू दह्रोसाथ उभिने प्रणालीको विकासले मात्रै हाम्रा विगतका गल्तीहरूबाट पाठ सिकेको भन्न सकिन्छ । आज एउटा निर्णय गर्ने,भोलि त्यसलाई फिर्ता गर्नुपर्ने अवस्थाको अन्त्य आवश्यक छ ।

***अनावश्यक तडक भडकमा रोक***

प्रधानमन्त्री,मन्त्रीहरू,मुख्यमन्त्री सबैलाई उद्घाटन,बधाई,यस्तै अन्य कार्यमा समय खेर जाने,त्यहाँ गरिएका अनावश्यक भाषण र बोलीका कारण सरकार सञ्चालनमा कठिनाइ आएका विभिन्न उदाहरण छ । तसर्थ संघीय सरकार,प्रदेश सरकार सबैतिर उद्घाटन,बधाई समारोहमा भाग लिन पुरै बन्देज लगाउने,विशेष अवस्थामा बाहेक प्रधानमन्त्री,मन्त्रीहरू,मुख्यमन्त्रीहरूलाई रिबन काट्ने फेसनवाट रोक्न सक्यौ भने उनीहरूले आफ्नो कामको जिम्मेवारीमा अध्ययन गर्ने,मन्त्रालय र विभागका कामहरूलाई विशेष महत्वका साथ काम गर्ने वातावरण निर्माण गर्नेछ ।वालुवाटारमा सत्तारुढ दलहरूको बैठक सञ्चालन गर्ने,रात्रिभोजको आयोजना गर्ने र विदेशी कुटनीतिज्ञहरूलाई सिधै प्रवेश सहज बनाउने काममा नियन्त्रण गरी दलहरूको बैठक पालैपालो पार्टी कार्यालयहरूमा सार्ने,रात्रिभोजहरू विशेष अवस्था वाहेक रोक लगाउने र विदेशी कुटनीतिज्ञहरूलाई परराष्ट्र मन्त्रालयमार्फत आउने प्रणाली स्थापित गर्नु अहिलेको आवश्यकता हो ।

अनावश्यक विज्ञहरूको नियुक्ति माथिको रोक लगाउँदै विज्ञहरूलाई योगदानमा आधारित बनाउनु आवश्यक छ । सरकारी कोषबाट विज्ञहरूको अत्यावश्यक सेवाबाहेक मन्त्रालयपिच्छे विज्ञहरूका नाममा हुने खर्चको नियन्त्रणले अर्थतन्त्रलाई थोरबहुत राहत मिल्नेछ । यसमा सत्तारुढ दलहरू गम्भीर रुपमा एकमत हुनु आवश्यक छ ।

***संसदलाई विकास बहसको थलो बनाऔं***

संघीय संसद तथा प्रदेशसभालाई विकास बहसको थलोको रुपमा विकास गर्नु आवश्यक छ । हामीले अंगीकार गरेको संघीय शासन प्रणालीको कार्यान्वयनको अवस्था पहिलो ५ वर्ष कस्तो रहयो ?के के कामहरू ठीक भए,के के कामहरू बेठीक भए ?अब कसरी अगाडि जान सकिन्छ ?के हामीले सञ्चालन गरेको शासन प्रणालीले नागरिकको अवस्थामा परिवर्तन ल्यायो ? के हामीले हाम्रो प्राकृतिक सम्पदाहरूको संरक्षण,उपयोगको असल नीति निर्माण गरी कार्यान्वयन गरेका छौ ?के हामी हाम्रो देशका युवाहरूलाई स्वदेशमै कामको सुनिश्चितता गर्न सक्दैनौ ? जस्ता हजारौ विषयमा छलफल गर्ने दैनिकी बनाएर अघि बढ्नु आवश्यक छ ।

हामीले बनाएका संविधान,ऐन कानुन,कार्यविधिहरू ठीक छन् ?के हामीले कानुनी शासनको प्रत्याभूत गर्न सकेका छौ ?के हामीलाई चाहिने कानूनहरू निर्माण भएका छन् ?के हामीले सासदको भूमिकाको वारेमा प्रशिक्षित गरेका छौ ? के हामीले नागरिकहरूले तिरेको करवाट प्राप्त गरेको सुविधाहरू लिएर नागरिकप्रतिको जिम्मेवारी पुरा गरेका छौ ?जस्ता विषयमा छलफल गरौं ।

सात दशक लामो हाम्रो योजनावद्ध विकास प्रक्रियाका असल र खराव पक्षहरूको वारेमा विश्लेषण गरौ । हाम्रो मुलुकको जनशक्तिलाई उत्पादन प्रणालीसंग जोड्ने र उत्पादकत्व वृद्धि गर्ने,उत्पादनका साधनको न्यायोचित वितरण गर्ने,वैदेशिक ब्यापार घाटालाई कसरी घटाउन सकिन्छ ?मुलुकको अर्थतन्त्रलाई बलियो बनाउन के के गर्न सकिन्छ भन्ने कुरामा संघीय तथा प्रदेशसभामा बहसको थालनी अहिलेको प्रमुख आवश्यकता हो ।

नेपालको शिक्षा,स्वास्थ्य,खानेपानी,सडक सुरक्षा,शान्ति सुरक्षा,सामाजिक अपराध रोकथाम,मानव बेचनविखन विरुद्धको अभियान,वालवालिका,युवा,महिला,आदिवासी थारू समुदाय,जेष्ठ नागरिक,दलित,जनजाति,अल्पसंख्यक र सिमान्तीकरणमा रहेकाहरूको जीवन कसरी सहज बनाउन सकिन्छ ?भन्ने विषयहरूमा दैनिक छलफल विश्लेषणको थलो बनाउने वित्तिकै संसदमा अथाह बिजनेश प्राप्त हुनेछ । र,सांसदहरूलाई अध्ययन विश्लेषणको अवसर प्राप्त भई उनीहरूको क्षमता विकास संगसंगै हुनेछ ।

***खाँचो अर्थतन्त्रमा सुधार***

नेपालको अर्थतन्त्र कंगालीको दिशामा रहेको तथ्यहरू सार्वजनिक भइरहेको अवस्थामा बनेको नयाँ सरकारले समाजवादी अर्थतन्त्रको गोरेटोमा अर्थतन्त्रलाई डोऱ्याउने प्रमुख चुनौती छ । आयातको आकार घटाउँदै निर्यातलाई प्रवर्द्धन गर्नका लागि देशमा रहेका साना ठूला उद्योगहरूको संरक्षण गर्दै अत्याधिक रोजगारी सिर्जना र बढी उत्पादन गर्न सक्ने स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नु अहिलेको आवश्यकता हो ।

देशमा अहिले पनि विचौलियाहरूले अर्थतन्त्र कब्जा गरिरहेका छन् । कतै मिटर ब्याजीहरूले आम नागरिकलाई लुटिरहेका छन् भने कतै वित्तीय संस्थाहरूका विरुद्धमा दैनिकजसो आन्दोलन भैरहेका छन् । देशमा मुद्रास्फिति तीब्र रुपमा भैरहदा महँगीले आम नागरिकको जीवन असहज बन्दै गैरहेको छ । श्रमिक मजदुर वर्गको दैनिक ज्यालाले दुई छाक खान नपुग्ने अवस्था विद्यमान छ । धनी र गरिब बीचको खाडल तीब्र रुपमा बढिरहेको छ ।

विलासिताका सामाग्रीमा बढी कर लगाउनेलगायत करका दरहरूलाई बढी प्रगतिशील बनाउँदै देशको अर्थतन्त्रलाई लयमा ल्याउन वर्तमान सरकारले धेरै मेहनत गर्नु आवश्यक छ । अर्थतन्त्रमा देखा परेका विविधखाले समस्याहरूको अध्ययन र अध्ययनका आधारमा योजनावद्ध कामको थालनीले मात्रै अर्थतन्त्रलाई सवल बनाउन सकिन्छ । पूँजीगत (विकास) खर्चको गतिलाई तीब्र बनाउँदै प्रशासनिक खर्चमा नियन्त्रण गरी देशको विकास प्रक्रियालाई गतिशील बनाउनु अहिलेको आवश्यकता हो ।

***असारे विकास प्रक्रियामा रोक***

अहिले पनि जेठमा रकम निकासा गर्ने र असारमा खर्च गर्ने प्रणालीमा सुधार नहुँदा हरेक वर्षजसो राज्यको श्रोत नष्ट भैरहेको छ । असारमा गरिएको विकासका गतिविधिहरू न त पारदर्शी खालका छन्,न त दीगो खालका ।

स्थानीय सरकार सञ्चालन ऐन परिवर्तन गरी कम्तिमा ५ वर्ष प्रमुख प्रशासकीय अधिकृत सरुवा नहुने,योजना निर्माण प्रक्रिया र बजेट प्रणालीलाई परिवर्तन गरी पहिले स्थानीय तहको बजेट,त्यसपछि प्रदेश र अन्तमा संघीय बजेट निर्माण गर्ने प्रणालीको विकास आवश्यक छ ।

साउनदेखि नै निकासा दिने र कात्तिकदेखि जेठ पहिलो साताभित्र आर्थिक वर्षको काम सबै सक्ने प्रणालीको विकास आवश्यक छ । यसका लागि संविधान,ऐन,कार्यविधि कहाँ कहाँ संशोधन आवश्यक छ,त्यो पुरा गरी असारे विकास प्रक्रियालाई पूर्णत: बन्देज आवश्यक छ । नयाँ सरकारलाई जनमुखी,उत्तरदायी र गतिशील बनाउनका लागि सत्तारुढ गठबन्धनमा आवद्ध राजनीतिक दलहरू खुल्ला,लचिलो र देश र नागरिकप्रति जवाफदेही बन्ने हो भने परिवर्तन संभव छ । अब पनि हामीले परम्परागत ढंगले भागबण्डामा कुस्ती खेल्ने काम बन्द गर्न सकेनौ भने निश्चित छ,ढिलो चाँडो हामीले अंगीकार गरेको संघीय शासन प्रणालीको विकल्प सबैका साम् छ ।हाम्रा गतिविधि र ब्यवहारले संघीयताको औचित्यता पुष्टि गर्नुपर्छ । यसका लागि सबैले इमान्दार प्रयास,गतिलो प्रतिवद्धता र असल ब्यबहारको खाँचो छ । नयाँ सत्ता गठबन्धनका चुनौतीहरूको चाङमा अथाह अवसरहरू पर्खिरहेका छन् । नेपालका राजनीतिक दलहरू र तिनका नेताहरूको सद्बुद्धि पलाओस्, शुभकामना ।

*साभार :रातोपाटी*

# कांग्रेसमा कोर्स करेक्सनको अवसर

जगन्नाथ दुलाल

अनपेक्षित घटनाले नेपाली राजनीति बेला-बेला तरंगित भइरहन्छ । पछिल्लो दशकमा यस्ता परिघटनाका सूत्रधार बनेका छन्, अग्रगामी छलाङ भनेर नथाक्ने प्रचण्ड । उनले यसपटक पनि यस्तै छलाङ हानिदिए । उसो त, यो नयाँ घटना होइन । यसअघि पनि कांग्रेससँग सत्ता साझेदारी गरिरहेकै बेला एमालेसँग पार्टी एकता गरेर 'चक्मा' दिएका प्रचण्डले यसपटक पनि कांग्रेसलाई चित् खुवाए । प्रतिनिधिसभामा पहिलो पार्टी बनाएका शेरबहादुर देउवा प्रधानमन्त्रीमा अफ्नै निरन्तरता हुनेमा ढुक्क थिए । तर, अन्तिम समयमा आएर गठबन्धनलाई 'बाईबाई, सायोनारा' भन्दै प्रचण्ड बालकोट पुगे । र, प्रधानमन्त्री पद हात पारे ।

***प्रतिपक्ष बेन्च, कांग्रेसलाई अवसर***

'भुइँको टिप्न खोज्दा पोल्टाको गुम्यो' भन्दै कांग्रेसको आलोचना भइरहेको छ । कांग्रेसले के कारणले गठबन्धन जोगाउन सकेन ? हातमा आइसकेको राष्ट्रपति, सभामुखसहित प्रदेशमा नेतृत्वको अवसर कसरी गुम्न पुग्यो ? प्रचण्डलाई प्रधानमन्त्री बनाउने सहमति कार्यान्वयन नगर्न पार्टीभित्रैबाट सभापतिलाई क-कसले उकासे ? यी प्रश्नको जवाफ कांग्रेस नेतृत्वसँग छ । हातबाट सबैथोक गुमाएसँगै सभापति देउवालाई घेराबन्दीमा राखेर तर मार्न पल्किएको एउटा तप्का पनि पूर्णत: विफल भएको छ । सिंहदरबारसँगै प्रदेशको सरकार पनि गुमाएर कांग्रेस यतिखेर प्रतिपक्षी बेन्चमा थेचारिएको छ । बालुवाटारबाट बालकोटको बार्दली पुग्दा अब ओली सकिए भनियो । तर, ओली नसकिएको प्रमाण सिंहदरबारमा नयाँ समीकरण बनेसँगै प्रमाणित भएको छ । जसको 'गेम मेकर' उनै केपी ओली हुन् । तर, के प्रचण्डलाई प्रधानमन्त्री बनाएर ओली खुस छन् ? तेस्रो स्थानमा रहेको पार्टीलाई सत्ताको नेतृत्व दिएर ओलीले ठीक निर्णय गरे ? यी प्रश्नको जवाफ पनि समयले उनीसँग खोज्ला नै । ओली यसपटक कांग्रेसबाट प्रचण्ड मात्र होइन सत्ताको चाबी खोस्न पनि सफल भए । तर, प्रचण्डलाई प्रधानमन्त्री बनाएर ओलीले के जिते ? अथवा जित्नेछन् ? ओलीको बडी ल्यांग्वेज भनिरहेको छ, यो जितमा ओली खास उत्सव मनाउने मूडमा छैनन् । आफैंले सबैभन्दा धेरै ( आफैंले भनेको 'नानीका बा' बोक्दा) आलोचना गरिरहेको प्रचण्ड स्वीकार्नु सायद ओलीको राजनीतिक बाध्यता हो । अस्तिसम्म ओलीसँग मिल्न नजाने रटान लगाइरहेका प्रचण्डको बालकोट यात्रा पनि बाध्यात्मक नै हो ।

यो बाध्यताको गठजोडले कांग्रेस सरकारबाहिर पऱ्यो । कांग्रेसले सत्ताको चाबी गुमाए पनि तेस्रो पार्टीलाई सत्ताको चाबी दिन इन्कार गरेर ठिकै गऱ्यो । संसदीय अभ्यासमा पहिलो पार्टीले सरकार बनाउन पहल गर्नु सामान्य थियो । तर, तेस्रो पार्टीका अध्यक्ष प्रचण्डलाई बोक्न कांग्रेस तयार भएन । बाध्यताले नै सही कांग्रेसको निधारमा तेस्रो पार्टीलाई सरकारको नेतृत्व दिएको कलंकको टीका लागेन । वेटिङ गभर्मेन्ट अर्थात् प्रमुख प्रतिपक्षीको भूमिका कांग्रेसलाई प्राप्त छ । संसदीय व्यवस्थामा सरकार सत्तारुढ दलको, संसद प्रतिपक्षको भनिन्छ । राम्रो भूमिका निर्वाह गरे प्रतिपक्षी भूमिका कांग्रेसका लागि अवसर बन्न सक्छ । तत्कालीन केपी ओली नेतृत्वको करिब दुईतिहाइ नजिकको सरकार हुँदा गगन थापा, मिनेन्द्र रिजाल, प्रकाश रसाइली स्नेही जस्ता केही सांसदले पानी पानी बनाएका थिए । सरकारलाई ठिक ट्र्याकमा हिंडाउन र नागरिकप्रति उत्तरदायी बनाउन प्रतिपक्षी भूमिका पनि सरकारको जत्तिकै महत्वपूर्ण रहन्छ । कांग्रेसले सत्ता गुमाउनुको पीडामा शोकाकुल हुने भन्दा आफूलाई पुनर्जागृत गर्न सक्नुपर्छ ।

***अब परीक्षा विश्व, गगन र प्रदीपको***

कांग्रेसले मात्र होइन देशले नै अपेक्षा गरेका नेताहरू हुन् महामन्त्री विश्वप्रकाश शर्मा, गगन थापा र नेता प्रदीप पौडेल । संसदीय दलको निर्वाचनमा यी तिनै नेता एकठाउँमा आउँदा कांग्रेसले मात्र होइन देशले नै आशाको नजरले हेऱ्यो । कुनै 'मिराकल' हुँदा मात्रै थापा दलको नेता बन्नेछन् भन्ने सबैलाई थाहा थियो । तर, त्यस्तो मिराकल हुन सकेन । शेरबहादुर देउवा ६४ मत ल्याउँदा गगन २५ मतमा रोकिए । संसदीय दलको परिणाम जे आए पनि कांग्रेस पार्टीभित्र आशा भर्न सक्ने नेताहरू यिनै हुन् ।

कांग्रेस प्रतिपक्षमा पुगेपछि पोखरामा रहेका गगन थापाको प्रतिक्रिया छ, 'पहिला प्रतिपक्षी भूमिका निर्वाह गर्न चाहन्छौं । कांग्रेस नेतृत्वमा रहेका स्थानीय सरकारबाट राम्रो काम गर्छौं । आउँदो चुनाव सबै अरू दल मिले पनि कांग्रेस आफ्नै बलमा एक्लै लड्न सक्ने बनाउँछौं ।' अर्का महामन्त्री विश्वप्रकाश शर्माले 'डन्ट ओरी' भन्दै निराश कार्यकर्तालाई निराश नहुन सन्देश दिएका छन् । जिम्मेवार प्रतिपक्षको रूपमा देशव्यापी मूभ गर्ने र नयाँ बिहानी ल्याउन आफूहरूले भूमिका खेल्ने विश्वास दिलाएका छन् । पंक्तिकारसँगको संवादमा प्रदीप पौडेलले सरकारको खबरदारी प्रतिपक्षीको भूमिका खरो रूपमा खेल्दा कांग्रेसका लागि सत्ता धेरै टाढाको विषय नभएको टिप्पणी गरेका छन् । शर्मा, थापा र पौडेल प्रचण्डको सत्तारोहणसँग निराश देखिएका छैनन् । यो कांग्रेसका लागि गगनले भनेको पार्टी पुनर्गठन र विश्वप्रकाशले भनेको नयाँ बिहानी ल्याउनका लागि ठूलो हतियार बन्न सक्छ । कांग्रेसले आफ्नै एकल तागतमा आउँदो सरकार बनाउने संकल्पका साथ अघि बढोस् ।

तर, के सजिलो छ ? ओली र प्रचण्ड जस्ता सत्ताका माहिर खेलाडीसँग जुध्न उनीहरूका लागि सहज छैन । तर, संसदभित्र अबको संघर्ष सत्ता भर्सेस कांग्रेसको विश्व-गगन-प्रदीप पुस्तासँगै पर्ने पक्का छ । किनकि शेरबहादुर देउवा, रामचन्द्र पौडेल पुस्तासँग अब सत्ताविरुद्ध जुध्ने जोश बाँकी देखिंदैन । त्यो जिम्मेवारी कांग्रेसमा पुस्तान्तरण हुनेछ । जिम्मेवारी मात्रै होइन अब संसदभित्र प्रतिपक्षीको बेञ्चमा लड्दै गर्दा पार्टीभित्र पनि रूपान्तरणको बहस एकसाथ चल्नुपर्छ । संसदीय दलमा एक ठाउँमा आएका युवा नेताहरू अब आउँदो महाधिवेशनसम्म एकै ठाउँमा रहुन् भन्ने कांग्रेसका धेरै समर्थक, शुभचिन्तकको चाहना देखिन्छ ।

पार्टीको १४औं महाधिवेशनमा विश्व र गगनले ठूलै चुनौती सामना गरेर महामन्त्री बने । अब बल यिनै नेताको कोर्टमा छ । गगनलाई संसदीय दलको नेता बनाउने गगन, प्रदीप, बद्री पाण्डेलगायतको चाहना अधुरै छ । महामन्त्री बन्ने प्रदीपको सपना पनि बाँकी छ । एमालेका शीर्ष नेता ईश्वर पोखेललाई संसदीय चुनावमा पराजित गरेर पौडेलले आफ्नो क्षमता देखाइसकेका छन् । सत्ताको चाबी हात पारे पनि टेस्टेड प्रचण्डसँग समाजले खासै अपेक्षा गर्दैन । पदलोलुप नेताका रूपमा प्रचण्डको छवि बनिसकेको छ ।

जीवनको उत्तरार्द्धमा रहेका ओलीसँग नेपाली राजनीतिमा म्याराथुनमा सक्रिय सहभागी भइरहने लामो समय छैन । ती पार्टीभित्र समाजले अपेक्षा गरेका खास अनुहारहरू छैनन् । यस्तोमा विश्व, गगन र प्रदीपका लागि प्रतिपक्षी बेञ्च सुनौलो अवसर हो । पार्टीको भावी सभापतिमा विश्वप्रकाश शर्मा, आउँदो संसदीय चुनावपछि भावी प्रधानमन्त्रीका लागि कांग्रेस संसदीय दलको नेतामा गगन थापा र कांग्रेसको भावी महामन्त्रीका रूपमा प्रदीप, बद्रीहरूको टिम बनाएर हिंड्ने साहस यी नेताहरूसँग छ ?यत्ति हिम्मत गर्ने हो भने पहिले बीपीले र अहिले विश्वप्रकाशले भनिरहेको १५ वर्ष देशमा शासन गर्ने र जनताको जीवनस्तर आफ्नो परिवारको सरह बनाउने चाहना पूरा गर्न कठिन छैन । नेतात्रयले कांग्रेस सत्ताबाट बाहिरिंदा छाएको सन्नाटा चिर्दै कार्यकर्तामा उत्साह भर्न के गर्छन् ? संसदमा कस्तो भूमिका निर्वाह गर्छन् ? अब प्रतीछित छ। साभार: अनलाइनखबर

# माधव नेपाललाई फकाउन एमाले नेताहरुको दौडधुप



काठमाडौं/नयाँ सरकार निर्माण प्रक्रियामा छुटेपछि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले राजनीतिक भेटवार्ता र पार्टी बैठक बाक्लो बनाएका छन् ।

पूर्वप्रधानमन्त्री नेपालले बुधबार पनि नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरुसँग भेटवार्ता गरे भने देशभरका कार्यकर्ताको कुरा भर्चुअल माध्यमबाट सुने ।

'पार्टीले कुनै प्रष्ट निर्णय गरिसकेको छैन, छलफल भइरहेकाले कुराकानी हुने नै भयो । छलफल अझै सघन बनाउँछौं', महासचिव डा. वेदुराम भुसाल भन्छन् । राष्ट्रिय राजनीतिमा पार्टीले ठोस निर्णय नगरेसम्म बैठक र संवादलाई निरन्तरता दिइने उनी बताउँछन् ।

आन्तरिक छलफलका क्रममा बुधबार एकीकृत समाजवादीले भूगोल कमिटीका नेताहरुसँग राय लिएको छ । 'जिल्लाका नेताहरुबाट तीनथरि सुझाव आएको छ, धेरैको जोड अलमलमा बस्नु हुँदैन भन्ने छ', महासचिव डा. भुसाल भन्छन् । उनका अनुसार, पहिलो सुझाव सरकारलाई समर्थन गरेर जानुपर्छ भन्ने छ ।

यसमा पनि दुईथरि मत छ । कतिपयले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन मात्रै गर्नुपर्ने र कतिपयले सरकारमै सहभागी हुनुपर्ने सुझाव दिएका छन् ।

अर्काथरिले सत्ताको अलमलमा नपरी प्रतिपक्षमा रहेर पार्टी निर्माणमा लाग्नुपर्ने सुझाव दिएका छन् । सानो संख्याका नेताहरुले 'पर्ख र हेरको नीति' लिनुपर्ने मत राखेका छन् । एकीकृत समाजवादीले बिहीबार गैरभौगोलिक कमिटीका नेताहरुको सुझाव लिदैछ भने १६ पुसमा स्थायी कमिटी र १८ पुसमा पोलिट्ब्यूरो बैठक बोलाएको छ । त्यसपछि केन्द्रीय कमिटी बैठक राख्ने तयारी गरेको छ ।

गठबन्धन बदल्दै एमालेको समर्थनमा प्रचण्ड प्रधानमन्त्री भएपछि एकीकृत समाजवादीका नेताहरु अनौपचारिक छलफल लगातार जुटिरहेका छन् । 'प्रचण्डले बिना समन्वय निर्णय लिएकाले हामी अप्ठ्यारोमा पर्‍यौं । अहिले हाम्रासामु चाँडै एउटा निर्णयमा पुग्नुपर्ने बाध्यता छ', एकीकृत समाजवादीका एक पदाधिकारी भन्छन् ।

२ भदौ ०७८ मा एमालेबाट अलग भएपछि कांग्रेस नेतृत्वको गठबन्धनमा रहेर सरकारमा सहभागी भएको र तीन तहकै चुनावमा भाग लिएको एकीकृत समाजवादीलाई कुनै पनि विकल्प सजिलो भने देखिएको छैन । त्यसैकारण, पार्टी कार्यकर्तादेखि अन्य दलका नेताहरुको प्रस्ताव समेत सुनिरहेका माधव नेपालले कुनै निर्णय लिन सकेका छैनन् ।

बुधबार प्रधानमन्त्री प्रचण्ड र उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ दुवैसँग भेटवार्ता गरे । हात्तिवनस्थित एक निजी घरमा प्रचण्डसँग माधवको कुराकानी भएको थियो । एक नेताका अनुसार, प्रचण्डलाई एक्लै हिँडेको गुनासो गरेका थिए । 'सँगै जाने त्यत्रो कुरा गरेको, आज सोध्न समेत आवश्यक नठान्ने ?' नेपालको गुनासो थियो ।

प्रचण्डले परिस्थिति नै त्यस्तो बनेको जवाफ फर्काएका थिए । तर सहकार्य कायम राख्नुपर्ने प्रचण्डको प्रस्ताव थियो । माधवले भने पार्टीका नेताहरुसँग छलफल गरेर निर्णय लिने जवाफ दिएको ती नेताले बताए ।

तीन दिनदेखि माधव नेपाल यो भेटको पर्खाइमा थिए । प्रधानमन्त्रीको शपथ लिएपछि प्रचण्ड र माधव नेपालबीच सोमबार नै चम्पादेवीमा भेटवार्ता गर्ने कुरा भएको थियो । त्यसदिन फुर्सद नमिलेकाले रद्ध भएको भेटवार्ता मंगलबार पनि हुन सकेन । बुधबार भने प्रचण्डकै नातेदारको घरमा भेटवार्ता भयो ।

प्रचण्डसँग छुटेका माधव नेपाललाई भेट्न उपप्रधानमन्त्री श्रेष्ठ पनि कोटेश्वर पुगेका थिए । श्रेष्ठले प्रचण्डकै जस्तो प्रस्ताव राखे । 'माओवादीको प्रस्ताव हामीलाई समर्थन गरिदिनुहोस्, सत्तामा सहकार्य गरौं भन्ने छ' नेपाल निकट एक नेता भन्छन् ।

माओवादी केन्द्रका नेताहरुसँग जस्तै अध्यक्ष नेपालले एमालेका नेताहरुसँग पनि लगातार सम्वाद गरिरहेका छन् । एमाले नेताहरुले भने एकीकृत समाजवादीलाई सत्ता सहकार्य मात्रै नभएर एकतासम्मकै प्रस्ताव लगेका छन् ।

**पहिले गठबन्धन, अनि एकता**

अध्यक्ष नेपाललाई बुधबार मात्रै भेटेका एमाले पोलिटब्यूरो सदस्य महेश बस्नेत, चुनावी जनादेश नै कम्युनिष्टहरू अलग-अलग बस्न हुन्न भन्ने रहेको बताउँछन् । 'जनताले दिएको म्याण्डेट एक हौं भन्ने नै हो । यदि कम्युनिस्टहरु मिलेको भए यो चुनावमा पनि बहुमत हुन्थ्यो, एमाले मिलेको भए पहिलो दल हुन्थ्यौं' बस्नेत भन्छन्, 'हाम्रोसामु अब मिल्नुबाहेक अर्को विकल्प छैन ।'

उनी भन्दा अगाडि उपाध्यक्ष एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र उपमहासचिव पृथ्वीसुब्बा गुरुङले नेपाललाई भेटेका थिए । अर्का उपाध्यक्ष सुवास नेम्वाङले त इलामको विजयसभाबाटै एकीकृत समाजवादीलाई पुरानै घर फर्कने बाटो खुलेको बताएका थिए । काठमाडौं आएपछि नेम्बाङ, पौडेल, गुरुङ लगायत नेताहरुले एकीकृत समाजवादीसँग एकता गर्नुपर्ने पहलकदमी लिइरहेका छन् ।

प्रचण्ड नेतृत्वमा सरकार बनेर एउटा आधार बनिसकेको यी नेताहरुको बुझाइ छ । 'वाम नेतृत्वको सरकार बन्यो, बिहीबार तीन जनाको कुरा हुँदैछ', एमालेका एक नेता भन्छन् । उनका अनुसार, केपी शर्मा ओली, प्रचण्ड र माधव नेपालबीच भेटेर कुरा गर्ने टुंगो लागिसकेको छ ।

सोमबार नै ओली र नेपालबीच २० महिना लामो संवादहीनता टुटेको थियो । प्रचण्डको शपथ समारोहमा यी दुई नेताबीच कुराकानी भइसकेकाले थप संवाद गर्ने आधार बनेको छ । 'हामी कसैले पनि भनेजस्तो चुनावी नतिजा आएन । अब फेरि एकताबद्ध हुनु नै राम्रो हो' एमालेका एक पदाधिकारी भन्छन् ।

चुनावमा एमालेले एक्लै बहुमत ल्याउने दाबी गरेको थियो । माओवादी र एकीकृत समाजवादीले भने एमालेलाई कमजोर बनाएर सम्मानजनक सिट ल्याउने उद्देश्य लिएको थियो । तर कांग्रेस सबैभन्दा ठूलो दल हुँदा ०७४ मा जितेको भन्दा एमालेले ४३ र माओवादी केन्द्रले २१ सिट गुमायो ।

ठूलो क्षति एकीकृत समाजवादीलाई भयो । २४ प्रतिनिधि सभा सदस्य लिएर फुटेको एकीकृत समाजवादीले गठबन्धन गर्दा पनि प्रत्यक्षतर्फ १० सिट मात्रै जित्यो । समानुपातिकतर्फ थ्रेसहोल्ड कटाउन सकेन । ५२ प्रदेशसभा सदस्य लिएर फुटेको एकीकृत समाजवादी सातै प्रदेश गरी यसपटक २४ जनामा खुम्चियो । स्थानीय चुनावमा पनि भएकै सिट जोगाउन सकेन । १४ सय जनप्रतिनिधिबाट ९८६ जनामा झरेको छ ।

अझ सहकार्य मात्रै नभएर एकताकै छलफल गरिरहेको माओवादी केन्द्रले एमालेसँग मिलेर सरकार बनाएपछि एकीकृत समाजवादी ठूलो संकटमा परेको छ । यस्तो बेला एमाले नेताहरुले भने सत्ता सहकार्य र त्यसपछि पार्टी एकताको गृहकार्य गरिरहेका छन् । 'यसले एकीकृत समाजवादीलाई मात्रै नभएर हामीलाई पनि फाइदा हुन्छ, संसदमा पहिलो दल बन्छौं' एकताको पहल गरिरहेका एक नेता भन्छन् ।

एकीकृत समाजवादीले जितेको १० सिट जोड्दा प्रतिनिधि सभामा एमालेको ८८ सिट हुन्छ । यो भनेको कांग्रेसले जितेको भन्दा एक सिट मात्रै कम हो । त्यसमा मोरङ-५ मा स्वतन्त्र जितेका योगेन्द्र मण्डल तान्दा कांग्रेससँग बराबरीको पार्टी हुनेछ ।

एमालेले जसपासँग तालमेल गरेपछि मण्डलले स्वतन्त्र उम्मेदवार बनेर जितेका छन् । अरु एक स्वतन्त्र सांसद तान्न सक्दा एमाले संसदको ठूलो दल हुनेछ । एकता भएमा प्रदेशसभातर्फ पनि एकीकृत समाजवादीका २४ सांसद एमालेमा थपिनेछ ।

कीकृत समाजवादीमा पनि एमाले फर्कनुपर्ने आवाज उठिरहेकाले एकता निष्कर्षमा पुग्ने विश्वास एमाले नेताहरुमा देखिन्छ । पूर्वप्रधानमन्त्री झलनाथ खनाल, नेता मुकुन्द न्यौपानेलगायत नेता सार्वजनिक रुपमै एमालेसँगै मिल्नुपर्ने पक्षमा छन् ।

तर अध्यक्ष नेपालले भने एमाले र माओवादी केन्द्रका नेताहरुलाई जस्तै पार्टीभित्र पनि 'छलफल गरौं' को जवाफ दिइरहेका छन् । 'एकता नै गर्ने भएपनि त्यो रातारात हुँदैन । औपचारिक प्रस्ताव आउनुपर्‍यो, पार्टीको धारणा बनाउनुपर्‍यो' एकीकृत समाजवादीका एक पदाधिकारी भन्छन्, 'सैद्धान्तिक पक्ष र नेता व्यवस्थापनको कुरा अझै जटिल छ ।'

एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजाल, वाम नेतृत्वको सरकार बनेर 'बिकरण जग तयार भएको बताउँछन् । 'सरकार गठनसँगै वाम सहकार्य सुरु भइसक्यो । यसले वाम तालमेल र एकतासम्म लैजान बल पुगेको छ', रिजाल भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# सीमावर्ती क्षेत्रमा कोरोनाको जोखिम, असावधानीले संक्रमित भेटिने खतरा



वीरगञ्ज/कोरोना भाइरस (कोभिड-१९) को संक्रमण छिमेकी मुलुक भारतमा तीव्र गतिमा फैलिरहेको छ । वीरगञ्जसँग सीमा जोडिएको भारतको बिहारमासमेत संक्रमित देखिन थालेका छन्।

बिहारको बोधगयामा कोरोना संक्रमितको संख्या ११ पुगेको भारतीय सञ्चार माध्यमले जनाएका छन् । दलाई लामाको उपस्थितिमा हुने बौद्ध सम्मेलनमा भाग लिन म्यानमार र बैंककबाट आएका पर्यटकमा संक्रमण देखिएको थियो। गयापछि दरभंगा र पटनामा समेत संक्रमित भेटिने क्रम सुरु भइसकेको छ ।

खुल्ला सिमानाका कारण बिहारमा संक्रमण बढेको खण्डमा वीरगञ्जमा पनि कोरोना संक्रमण भित्रिन सक्ने जोखिम बढी हुन्छ । तर, वीरगञ्ज रक्सौल नाकास्थित हेल्थ डेस्कमा बिहान र बेलुका मात्रै एन्टिजेन परीक्षण र शरीरको तापक्रम जाँच गर्ने गरिएको छ ।

नमुनाको रुपमा केही स्थानीयको तापक्रम लिने गरिएको छ भने भारतको जोखिमयुक्त सहर बाट आएको नेपाली वा भारतीय नागरिक तथा तेस्रो मुलुकबाट आएका विदेशीको मात्रै एन्टीजेन परीक्षण गर्ने गरिएको छ ।

दैनिक १ सय जनाको एन्टिजेन परीक्षण गर्ने २ सय जनाको तापक्रम जाँच लगायत स्क्रिनिङ गर्ने गरिएको हेल्थ डेस्क इन्चार्ज डा.अनिसा महतोले बताइन् । उनले भनिन्, 'पर्यटक नेपाल आउने सिजन हो, युरोपियन मुलुकबाट भारतको बाटो हुँदै पनि पाहुना आउँनुहुन्छ, कलकत्ता, इन्दोर, राजस्थानबाट बस नै रिजर्भ गरेर पनि पर्यटक आउँछन्।'

'भारतको विभिन्न जोखिमयुक्त सहरबाट आउने नेपाली नागरिकको पनि एन्टीजेन परीक्षण नै गर्छौं ।' उनले भनिन् ' दिनहुँ हजारौंको संख्यामा ओहोरदोहोर गर्ने सर्वसाधरण सबैको तापक्रम जाँच गर्न सक्ने जनशक्ति पनि हामीसँग छैन । स्याम्पलको रुपमा २ सय जना जतिको तापक्रम जाँच गर्छौं ।'

संक्रमणको जोखिम बढ्दै गएकोले एन्टीजेन किट मौज्दातमा राख्नुपर्ने सुझाव आफूले महानगर लाई दिएको उनले सुनाइन् । 'किट पाउन समस्या छ, बल्लतल्ल प्रदेश सरकारले १० हजार किट दिएपछि त्यसैबाट जाँच गरिरहेका छौं ।' उनले भनिन् 'जोखिम बढ्दो छ, आवश्यक पर्दा परीक्षण बढाउन एन्टीजीन मौज्दातमा हुनुपर्छ ।'

अक्टोबर पछि हेल्थ डेस्कमा गरिएको परीक्षणका क्रममा कोरोना संक्रमित भेटिएका छैनन् । कथमकदाचित पर्सा जिल्ला बाहिरका संक्रमित भेटिएको खण्डमा कसरी व्यवस्थापन गर्ने भन्ने समस्या रहेको उनले सुनाइन् ।

'पर्सा जिल्ला बाहिरका संक्रमित भेटियो भने अस्पताल भर्ना गर्नुपर्ने छ भने त अस्पताल पठाउन सकिन्छ । तर होम आइसोलेसनमा राख्नुपर्ने संक्रमितलाई कसरी व्यवस्थापन गर्ने ? भन्ने समस्या छ ।' उनले भनिन्, 'बाहिर जिल्लामा संक्रमित पठाउनुपर्दा निकै झण्झट बेहोरेको विगतको अनुभव छ । कहाँ समन्वय गर्ने भनेर स्पष्ट निर्देशन दिए सहज हुन्थ्यो ।'

बुधबार नै वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगञ्ज-रक्सौल नाकाको इनरुवा स्थित हेल्थ डेस्कको स्थलगत निरीक्षण गरेका छन् । देशकै मुख्य नाकामा महानगरले सञ्चालन गरेको हेल्थ डेस्कको मेयर राजेशमान सिंह सहितको टोलीले निरीक्षण गरेका हुन् ।

कोरोना संक्रमण भित्रिन नदिन सतर्कता अपनाउनु पर्ने देखिएकाले पूर्व तयारीका लागि प्रवेशद्वारमा रहेको हेल्थ डेस्कको अनुगमन गरेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले बताए ।

हेल्थ डेस्कको सरसफाई र मर्मत सम्भारका कामलाई अघि बढाउन पनि कर्मचारीहरुलाई निर्देशन दिएको उनले जानकारी दिए । कोरोना संक्रमित भित्रिन नदिन नाकामा उच्च सतर्कता अपनाउनुपर्ने देखिएकाले हेल्थ डेस्क मार्फत भईरहेको सेवा प्रवाहबारे बुझेको मेयर सिंहले बताए ।


'भारतमा कोरोना संक्रमित दैनिक बढिरहेका छन्, वीरगञ्ज प्रवेश गर्ने यात्रुलाई अनिवार्य जाँच गरेर मात्रै पठाउन भनेको छु ।' उनले भने । हेल्थ डेस्कमा आवश्यक पर्ने स्वास्थ्य उपकरण, मास्क, सेनीटाइजर लगायतका कुनै सामाग्रीको कमी हुन नदिने आश्वासन पनि उनले दिए । *(अनलाइखबर)*

# राजस्व चुहावट नियन्त्रणका लागि अधिकतम प्रयास गर्न निर्देशन

काठमाडौं/केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बुधबार बसेको बैठकले राजस्व चुहावट नियन्त्रणका लागि अधिकतम प्रयास गर्न सरोकारवाला निकायलाई निर्देशन दिएको छ ।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको उपस्थितिमा बसेको बैठकले राजस्व सङ्कलनको वर्तमान अवस्था र राजस्व चुहावट नियन्त्रणका सम्बन्धमा छलफल गरेको थियो । बैठकमा राजस्व सङ्कलनमा देखिएका चुनौती, चोरी पैठारी नियन्त्रणमा भएका प्रयासका विषयमा छलफल तथा समीक्षा गरिएको अर्थमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए ।

अर्थमन्त्री पौडेलले सबै प्रकारका राजस्व चुहावट नियन्त्रणका लागि अधिकतम प्रयास गर्न बैठकमार्फत निर्देशन दिएका छन् ।



राजस्व सङ्कलनका हिसाबले अहिले चुनौतीपूर्ण अवस्थामा रहेकाले सबैले आ-आफ्नो जिम्मेवारी इमानदारिता पूर्वक सम्पादन गर्न र राजस्व सङ्कलनमा देखिएको न्यूनतालाई पूर्ति गर्न अर्थमन्त्रीबाट निर्देशन आएको प्रवक्ता काफ्लेले बताए ।

राजस्व चुहावट नियन्त्रणका लागि राजनीतिक नेतृत्वबाट आवश्यक पर्ने सबै किसिमको सहयोग उपलब्ध गराउन सरकार तयार रहेको आश्वासन पनि मन्त्री पौडेलले दिएका छन् ।

त्यस्तै, समिति बैठकमा उपप्रधान तथा गृहमन्त्री लामिछानेले राजस्व सङ्कलनमा देखिएको अन्तर पूर्ति गर्न सीमा नाकामा हुने राजस्व चुहावट नियन्त्रण गर्ने कार्यमा गृह प्रशासन सक्रिय भएर लाग्ने बताए । कर्मचारीलाई कुनै राजनीतिक दबाब र प्रभावमा नपरी उच्च मनोबलका साथ काम गर्न निर्देशन दिँदै लामिछानेले अवैध व्यापारिक गतिविधि रोक्न दृढताका साथ काम गर्न पनि सबै सुरक्षा निकायका प्रमुखलाई समेत निर्देशन दिए ।

बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थसचिव, गृहसचिव, राजस्व सचिव, सुरक्षा निकायका प्रमुखहरू, आन्तरिक राजस्व विभागमा महानिर्देशक लगायतको उपस्थिति थियो ।

# सांसदहरुले के के पाउँछन् सेवा सुविधा ?



काठमाडौं/शपथ लिएसँगै प्रतिनिधिसभा सदस्यहरुको कार्यकाल सुरु भएको छ । र, नयाँ अधिवेशनको पहिलो बैठक २५ पुसमा बोलाइएको छ ।

प्रतिनिधि सभामा नयाँ सांसदहरुको उपस्थिति बाक्लो छ । नयाँ नयाँ दल आएका कारण पनि अबको संसद कस्तो होला भन्ने चासो छ । साथै सांसदहरुले पाउने सेवा सुविधाबारे पनि धेरैको रुची छ ।

संघीय संसद सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाका अनुसार प्रतिनिधि सभा सदस्यले मासिक पारिश्रमिकको रुपमा ६६ हजार ७० रुपैयाँ पाउँछन् । यसमा विशेष भत्ता बापत १ हजार रुपैयाँ, सञ्चार सुविधा बापत ३ हजार रुपैयाँ र धारा, पानीको नाममा २ हजार रुपैयाँ थपिँदा ७२ हजार ७० रुपैयाँ हुन्छ ।

यसैगरी काठमाडौं उपत्यकामा घर नहुने सांसदहरुले मासिक १८ हजार रुपैयाँ आवास सुविधा पाउनेछन् । उपत्यकामा घर हुनेहरुले मर्मत खर्च भनेर ९ हजार रुपैयाँ पाउँछन् । यसबाहेक प्रतिनिधि सभा र संसदीय समितिको बैठकमा उपस्थिति हुँदा बैठक भत्ता बापत १ हजार रुपैयाँ र आवतजावतका लागि थप १ हजार रुपैयाँ पाउनेछन् ।

सांसद निर्वाचित भएर आएपछि एकपटकका लागि फर्निचर खर्च एकमुस्ट १५ हजार रुपैयाँ दिइने धमलाले बताए ।

थप सुविधाको रुपमा सांसदको दैनिक कामकाजमा सघाउने सचिवालयमा राजपत्रांकित तृतीय श्रेणी सरहको स्वकीय सचिव नियुक्त गर्न दिनेछ । स्वकीय सचिवको सेवा सुविधा स्वयं स्वकीयको नै खातामा हालिदिने गरिएको छ ।

सांसदहरुले स्वदेशभित्र कुनै भ्रमण गर्नुपरेमा दैनिक भ्रमणभत्ता बापत २ हजार ५०० पाउनेछन् भने विदेश भ्रमण गर्नुपरेमा प्रतिदिन २२५ डलर पाउनेछन् ।

सांसदहरुले उपचार खर्च पनि पाउने छन् । कुनै रोगको सम्बन्धमा परामर्श लिनुपरेमा संघीय संसद सचिवालयमा वरिष्ठ चिकित्सकले नि:शुल्क परामर्श दिने व्यवस्था गरिएको छ । त्यस्तै अस्पताल भर्ना हुनुपरेको अवस्थामा सरकारी अस्पतालमा भर्ना भएमा बिल अनुसारको सबै रकम उपलब्ध गराउने र निजी अस्पतालमा भर्ना भएको भए बिलको आधा रकम पाउने गरेका छन् ।

सांसदहरुले पेश्की लिन चाहेमा कारण जनाएर पारिश्रमिक र आवास भत्ता बापतको रकम बढीमा ३ महिना सम्मको लिन सकिने व्यवस्था रहेको छ । विशेष परिस्थितिवश विदेशी अस्पतालमा उपचार गराउनुपर्ने अवस्था आएमा प्रतिनिधि सभा सदस्यलाई सभामुखको स्वीकृतिमा बढीमा १ वर्षसम्मको पारिश्रमिक र आवास भत्ताबापतको रकम पेश्की पाउने व्यवस्था रहेको धमलाले जानकारी दिए ।

*(स्रोत: अनलाइखबर)*

# मल नल्याउने ५ ठेकेदार र कम्पनी कालोसूचीमा

काठमाडौं/सार्वजनिक खरिद अनुगमन कार्यालयले रासायनिक मल नल्याउने ५ ठेकेदार कम्पनी र त्यसका सञ्चालकलाई कालोसूचीमा राखेको छ ।

कार्यालयले मंगलबार एक सूचना जारी गर्दै सिल्क मार्केट, सिनोमायक, विध म्यानेजमेन्ट, ग्लोबल म्याक्ट्रिक्स र सिल्क मार्केटसहित २४ वटा कम्पनीलाई कालो सूची सिफारिस गरेको हो । अब यी कम्पनीले तीन वर्षका लागि कुनै पनि सार्वजनिक खरिदमा भाग लिन पाउने छैनन् ।

कृषि सामग्री कम्पनी लिमिटेड प्रधान कार्यालयको सिफारिसमा अन्तर्राष्ट्रिय कम्पनी सिल्क मार्केट र यसका मुख्य व्यक्ति अजय थापा, सिनोम्याक-एचआई सांघाई इन्टरनेशनल ट्रेड कम्पनी र यसका मुख्य व्यक्ति वीफेङ्ग, ग्लोबल म्याक्ट्रिक्स ट्रेडिङ र यसका मूख्य व्यक्ति नवीन तुलाधर, विध म्यानेजमेन्ट कुपोन्डोल र यसका मुख्य व्यक्ति भीमकान्त भण्डारी र सिल्क मार्केट नक्साल र यसका व्यक्ति रमेश शेर्पालाई ३ वर्षसम्मको लागि कालोसूचीमा राखेको हो ।

यी कम्पनीले आर्थिक वर्ष २०७८/०७९ मा ५० हजार मेट्रिक टन युरिया आयात गर्न ठेक्का पाएका थिए । सिल्क मार्केट, सिनोमायक, विध म्यानेजमेन्ट, ग्लोबल म्याक्ट्रिक्सले २५-२५ हजार मेट्रिक टन युरियाको ठेक्का लिएका थिए । भने सिल्क मार्केटले ५ हजार मेट्रिकटन डिएपी आयातको ठेक्का पाएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा

***"तपाई, हामी सबैको कुरा"***

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइडमा: ***www.sajhakuranews.com*** सर्च गर्न नभुल्नुहोला।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

# थाहाको हिमालयनद्वारा विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/थाहा नगरपालिकाको हिमालयन ईङ्लिस सेकेण्डरी बोर्डिङ स्कुलले विज्ञान प्रदर्शनीमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई सम्मान गरेको छ ।

विद्यालयले थाहा नगर पालिकाद्वारा झम्केश्वरी मावि थाहा-१ को व्यवस्थापनमा आयोजना गरेको माध्यमिक तह स्तरिय विज्ञान प्रदर्शनीमा प्रथम तथा शिक्षा विकास तथा समन्वय इकाई हेटौंडाको आयोजनामा हेटौंडामा भएको अन्तर माध्यमिक तह मकवानपुर जिल्ला स्तरीय विज्ञान प्रदर्शनिमा सहभागी भई द्वितीय हुने विद्यार्थीहरुलाई विद्यालयले सम्मान गरेको हो ।



विद्यालयका प्रिन्सिपल बाबुलाल कार्कीको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा थाहा नगर पालिका वडा नम्बर ४ का वडा अध्यक्ष नारायण लामाको प्रमुख आथित्यता रहेको थियो ।

वडाध्यक्ष लामाले विद्यालयमा सिकेको ज्ञानलाई व्यवहारमा उतार्न आग्रह गरेका छन् । उनले जिल्लास्तरमा समेत द्वितीय भई थाहा नगरको नाम राख्न सकेकोमा विद्यार्थी र विद्यालय परिवारलाई बधाई दिए । विद्यालयका संस्थापक सानोभाई कार्कीले कक्षागत उत्कृष्टतासँगै सिकेको ज्ञानलाई व्यवहारमा उतार्न यस्ता प्रदर्शनी तथा योजना फलदायी हुने बताए । उनले विद्यार्थीहरु सैद्धान्तिक शिक्षासँगै अतिरिक्त क्रियाकलपामा पनि अब्बल हुनुपर्ने बताए । विद्यार्थीको प्रतिभा र क्षमताको सम्मानसहित उनीहरुको उत्साह वृद्धिको लागि सम्मान कार्यक्रम आयोजना गरिएको विद्यालयका संयोजक संगम कार्कीले बताए ।

सोही अवसरमा विद्यालयका विषयगत शिक्षक बिक्रम मल्ललाई पनि सम्मान गरिएको थियो । विज्ञान प्रदर्शनीमा कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरुले स्मार्ट सिटी प्रोजेक्ट बनाई सहभागी भएका थिए । उक्त प्रोजेक्टमा सहभागी विद्यार्थीहरुलाई प्रमुख अतिथि लामा, विद्यालयका संस्थापक कार्की, प्रिन्सिपल कार्कीले प्रशंसा प्रदान गरेका थिए ।

यसअघि हेटौंडामा भएको जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा हिमालयन ईङ्लिस सेकेण्डरी बोर्डिङ स्कुल द्वितीय हुँदा भीमफेदीको महेन्द्रकिरण मावि प्रथम भएको थियो । जिल्लामा प्रतिस्पर्धा गराउन पठाउँदा थाहा नगर पालिकाले नै नगरस्तरीय प्रतियोगिता गराएको थियो ।

# मनहरीको आमाघरमा पूर्व राजा परिवार



मनहरी गाउँपालिका-८ सिमपानीस्थित आमाघर आश्रममा पूर्व राजा ज्ञानेन्द्र शाह पुगेका छन् । बाराको सिमरास्थित बिमानस्थलमा अवतरण भई चितवनतर्फ जाने क्रममा पूर्वराजा र पूर्व रानी कोमल शाहसहित उनको परिवार सिमपानीस्थित आमाघर आश्रममा पुगेका हुन् । राजपरिवार आश्रम पुग्दा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती,८ नम्वर वडाध्यक्ष नारायण उप्रेती,आश्रम सञ्चालन समितीको अध्यक्ष रामचन्द्र उप्रेती लगायतको उपस्थिती थियो । राजारानीलाई आश्रममा रातो कार्पेट ओछ्याएर स्वागत गरिएको थियो । केहिबेर आश्रममा बसेका उनीहरु बुधबार नै चितवनर्फ लागेका छन् । पूर्वराजा ज्ञानेन्द्र आफै गाडि चलाउदै चितवनतर्फ लागेका थिए

# प्रदेशसभाका ज्येष्ठ सदस्यद्वारा शपथग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ बागमती प्रदेशसभाका ज्येष्ठ सदस्य रामप्रसाद ढुंगानाले शपथग्रहण गरेका छन् ।

ढुंगानालाई बुधबार बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले शपथग्रहण गराएका हुन् । उनको उमेर ७२ वर्ष रहेको छ । उनको जन्म विसं २००६ साल असोज २ गते भएको आयोगको प्रतिवेदनमा उल्लेख छ ।

संवैधानिक व्यवस्था अनुसार प्रदेशसभामा सभामुख र उपसभामुख निर्वाचित नहुँदासम्म ज्येष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछन् । सोहीअनुसार नुवाकोट निर्वाचन क्षेत्र २ (क) बाट प्रदेशसभामा निर्वाचित ढुंगनाले प्रदेशसभाको आगामी अधिवेशनको बैठक सञ्चालन गर्नेछन् ।



बुधबार शपथग्रहण गरेका ढुंगाले भोलि प्रदेशसभाका नवनिर्वाचित अरु सांसदलाई शपथ ग्रहण गराउनेछन् । संवैधानिक व्यवस्थाअनुसार प्रदेशको ज्येष्ठ सदस्यले सभाका अन्य सदस्यलाई शपथग्रहण गराउनेछन् । अन्य सांसदहरूको शपथग्रहण प्रदेशसभा सचिवालयमा हुनेछ ।

पुस १७ गतेको लागि संसद बैठक आह्वान भइसकेको छ। उक्त अधिवेशनको अध्यक्षता ज्येष्ठ सदस्य ढुंगानाले गर्नेछन् । प्रदेश सभाको उक्त अधिवेशनले सभामुख र उपसभामुखको निर्वाचनको कार्यक्रम तय गर्नेछ ।

प्रदेशसभाको अधिवेशन पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन सम्पन्न गरी सक्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

# कालीका वन उपभोक्ता समूहको २३ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ भीमफेदी-२ कालीटारमा स्थित कालीका चण्डीका सामुदायिक वन उपभोक्ता समूहको २३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

डिभिजन वन कार्यालय, राप्ती, मनहरिका डिभिजनल वन अधिकृत विष्णुप्रसाद आचार्यको प्रमुख आतिथ्यता एवम समूहका अध्यक्ष शिवराम थापाको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारण सभामा समूहकी सचिव सुस्मिता थापा मगर ले प्रगति प्रतिवेदन र कोषाध्यक्ष प्रकाश थापाले आ.व.०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन र चालु आ.व. ०७९/०८० को लागि ७ लाख ६७ हजारको अनुमानित आयव्यय विवरण पेश गरेका थिए ।

साधारणसभामा ज्येष्ठ उपभोक्ता मंसिरमाया भोम्जन र जग्गु थापालाई नगद पुरस्कार सहित सम्मान गरिएको थियो भने विरुवा महिला समूहलाई उत्कृट महिला समूहको रुपमा नगद पुरस्कार सहित सम्मानित गरिएको थियो ।

साधारण सभामा भीमफेदी-२ का वडा अध्यक्ष काशीराम बजु, वडा सदस्य विष्णु राना मगर, रामेश्वर भोपाली, सब डिभिजन वन कार्यालय, भैसेका सहायक वन अधिकृत हरि खड्का, डिभिजन वन कार्यालय, राप्ती, मनहरीका रेन्जर निश्चल घिमिरे, समूहकी उपाध्यक्ष अप्सरा लामा, उपभोक्ता नारायण आले मगर, रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेल लगायतको उपस्थिति रहेको थियो । २ सय ५२ घरधुरी रहेको यो सामुदायिक वनका करिब ७ सय हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

# तिम्रो मेरो साथ चलचित्र टोली हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/नेपाली चलचित्र तिम्रो मेरो साथको निर्माण तथा कलाकार टोली हेटौंडा आइपुगेका छन् ।

चलचित्र प्रचारप्रसारको क्रममा उनीहरु हेटौंडा आइपुगेका हुन् । पुस २९ गते नेपाल सहित विभिन्न देशहरुमा एकसाथ प्रदर्शनको तयारीमा रहेको चलचित्र तिम्रो मेरो साथका निर्देशक तथा निर्माता रमेश पौडेल, कलाकारहरु सन्दिप क्षेत्री, पुष्प खड्का र साम्राज्ञी राज्यलक्ष्मी हेटौंडा आइपुगेका थिए । उनीहरुले हेटौंडामा पत्रकार सम्मेलन गर्दै चलचित्रको विषयमा जानकारी दिएका थिए ।

चलचित्र प्रेम कथामा आधारित थ्रीलर मुभि रहेको चलचित्रका निर्देशक पौडेलले बताए । लामो समय सञ्चार जगतमा रहेर काम गरेका पौडेल चलचित्रको निर्माता समेत हुन् । धेरै चलचित्र निर्माण गरिसकेका पौडेलले यही चलचित्र मार्फत निर्देशन पक्षमा समेत हात हालेका छन् ।

वीरगञ्जमा रमेश समवेदना पौडेल भनी चर्चित सञ्चार कर्मीको नाम कमाएका पौडेलले सञ्चारकर्मीले बनाएको र खेलेको चलचित्रलाई माया गरिदिन आग्रह गरे । चलचित्रमा हास्यकलाकार, अभिनेता तथा सञ्चारकर्मी सन्दिप क्षेत्री सहित पुष्प खड्का, साम्राज्ञी राज्यलक्ष्मी शाह, सरोज खनाल, खड्ग बहादुर पुन(खबपु) लगायतको कलाकारहरुको अभिनय रहेको छ ।

चलचित्र पुस २९ गते नेपालभर एकसाथ प्रदर्शन हुनुको साथै अमेरिकामा ३० वटा, क्यानडामा २७ वटा, अष्ट्रेलियामा




१६ वटा सिनेमा हलहरुमा प्रदर्शन हुने निर्देशक पौडेलले बताए । चलचित्र पत्रकार संघ मकवानपुरका कार्यवाहक अध्यक्ष कपिल खड्काको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, संघका संस्थापक अध्यक्ष कुमार अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

# हात बाँधेर रूखमा बालक झुण्डाएको आरोपमा भोम्जन पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ मकवानपुर प्रहरीले १२ वर्षीय बालकको हत्या गर्ने एक जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । प्रहरीले जिल्लाको हेटौंडा उपमहा नगरपालिका वडा नं. १६ बस्ने मेघबहादुर थिङको छोरा मुस्कान भनिने सुजन थिङको हत्या गर्ने एक जनालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा हेटौडा उपमहानगरपालिका वडा नं. १६ बाबियोडांडा बस्ने रामबहादुर भोम्जनका छोरा वर्ष ३८ को आईत सिं भोम्जन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

प्रहरी नायव उपरीक्षक कार्कीका अनुसार, पुस ९ गते दिउँसोदेखि बेपत्ता भएका मुस्कान घरबाट अन्दाजी ३०० मिटर पश्चिममा रहेको जरुङगे सामुदायिक वनमा दुबै हात शरीरको पछाडी पट्टी कपडाको सलले बांधी क्यामुनाको रुखमा सेतो र रातो रंगको खादाले घांटीमा बांधी पासो लगाई झुण्डिएको अवस्थामा पुस १० गते बिहान ७ बजेको समयमा मृत अवस्थामा फेला परेको थियो ।

तालिम प्राप्त कुकुरसहित घटनास्थलम पुगेको प्रहरी नायव उपरीक्षक कार्कीको टोलीले घटनाको प्रारम्भिक अनुसन्धान पश्चात उक्त घटनामा संलग्न हुन सक्ने आंकमा स्थानीय ७ जनालाई नियन्त्रणमा लिई घटनाबारे आवशयक अनुसन्धान गरिएको थियो ।

प्रहरीले सोही घटनाको अनुसन्धानको क्रममा पुस १२ गते मंगलबार भोम्जनलाई घरबाटै नियन्त्रणमा लिई सोधपुछ गर्दा मुस्कानको हत्या आफुले नै गरेको भनी स्वीकार परेपछि निजलाई सार्वजनिक गरिएको प्रहरी नायव उपरीक्षक कार्कीले बताए । पक्राउ परेका भोम्जनलाई बुधबार जिल्ला अदालत मकवानपुरमा उपस्थित गराई ६ दिनको म्याद थप गरी आवश्यक कानूनी कारबाही गरिरहेको प्रहरी नायव उपरीक्षक कार्कीले बताए ।

उनका अनुसार, मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १२ को ज्यान सम्बन्धी कसुरको दफा १७७ बमोजिम कसुर गरेकोले जन्मकैद सम्मको सजाय हुनेछ ।

# बकैयादेखि राईगाउँसम्म दैनिक ६ घण्टा बत्ती जाने

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ग्रामिण फिडर अन्तर्गत पर्ने हेटौंडा-१८ हुँदै बकैया र बागमती गाउँपालिकाको राईगाउँसम्म दैनिक ६ घण्टा बत्ती जाने भएको छ ।

बुधबारबाट ५ दिनसम्म बिहान ९ बजेदेखि ३ बजेसम्म ग्रामीण फिडर अन्तर्गत पर्ने हेटौंडा-१८ हुँदै बकैया र बागमती गाउँपालिकाको राईगाउँसम्म लाइन जाने भएको हो ।

नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले एक विज्ञप्ति जारी गर्दै सो कुराको जानकारी दिएको छ ।

उक्त फिडर अन्तर्गत शिवम् शिमेन्ट उद्योगदेखि बकैयाको छतिवनसम्म धरान चतरा सडकखण्ड अन्तर्गत ११ के भि लाइनको सुधार कार्य गर्नुपर्ने भएकोले फिडर अन्तर्गत पर्ने हेटौंडा, बकैया र बागमती गाउँपालिकाको विभिन्न स्थानमा ५ दिन विद्युत कतौटी हुने जनाएको छ ।

# हाम्रो नेपाली पार्टी संसदीय दलको नेतामा बज्राचार्य



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/हाम्रो नेपाली पार्टीले बागमती प्रदेशमा संसदीय दलको नेता चयन गरेको छ ।

सो पार्टीले शैलेन्द्र मान बज्राचार्यलाई संसदीय दलको नेता चयन गरेको प्रवक्ता रोहन कार्कीले जानकारी दिए ।

बागमतीमा सो पार्टीका दुई सांसद रहेका छन् । सो पार्टीले पहिलोपटक बागमती प्रदेशसभामा प्रवेश पाएको हो । बज्राचार्य गत मंसिर ४ गते सम्पन्न निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नम्बर ८ (क) बाट प्रदेशसभा सदस्य पदमा निर्वाचित भएका हुन् ।

बजाचार्यले निकटतम् प्रतिद्वन्दी नेकपा एमालेका राजेश शाक्यलाई १७५१ मतान्तरले पराजित गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । बज्राचार्यले ५ हजार ४ सय ६२ मत प्राप्त गर्दा निकटतम् प्रतिद्वन्दी शाक्यले ३ हजार ७ सय ११ मत प्राप्त गरेका थिए । बागमती प्रदेशसभामा सो पार्टीका दुई सांसद रहेका छन् ।

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

### अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

फोन न.:०५७-५२०३१५

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*होम डेलिभरिको पनि व्यवस्था छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्द्रलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना